# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

**केन्द्रीय कार्यालय, Central Office**

**हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal**


**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ असार २१ गते

## आयोगबाट भुकम्प प्रभावित थप नौ जिल्लाको अनुगमन सम्पन्न ।

राष्ट्रिय मानव अधिकार आयोगले विनासकारी भूकम्पले क्षती पुऱ्याएको १५ जिल्लाको अनुगमन सकेर सरकारले पुन: थप गरेको ९ जिल्लाको अनुगमन असार ३ गते देखि १० गतेसम्म सम्पन्न गरेको छ । आयोगकी सदस्य मोहना अन्सारीको नेतृत्वमा मकवानपुर, नवलपरासी, पर्सा, चितवन र पाल्पा जिल्लामा गरेको अनुगमनपछि भूकम्पले क्षती पुऱ्याएको कारागार भवनमा बस्न नमिल्ने देखिएकाले आयोगले कारागार भवनको पुनर्निर्माण गर्न सरकारलाई आग्रह गरेको छ ।

अनुगमनका क्रममा भूकम्पले जमिन चिरा परेपछि चितवनको शक्तिखोर र जुटपानी गाविसका केही गाउँ तथा नवलपरासीको देवचुली र किर्तिपुर तथा पाल्पाको देउराली गाबिस वडा नं ५ र ७ का धारादि र भुटुका गाउँका केही बस्ती पहिरोको जोखिममा रहेको पाइएकाले ती बस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न आयोग सरकारलाई आग्रह गर्दछ ।

मकवानपुर, पर्सा जिल्लाका नाकाहरुमा महिला बेचबिखनको उच्च जोखिम रहेको भन्दै अनुगमन टोलीले ती नाकाहरुमा उच्च सुरक्षा सर्तकता बढाउन सरकारको ध्यानाकर्षण गराएको छ । अनुगमनका क्रममा पाल्पाको खस्यौली गाबिसमा प्राविधिकहरुले मिति, छाप तथा हस्ताक्षरविनाको स्टीकरहरु टाँसेको पाइएकाले तत्काल हस्ताक्षर बिनाको स्टीकर टास्ने कार्यमा रोक लगाई घरको क्षति अनुसार रातो, पहेँलो र हरियो स्टीकर टाँस्न आयोगले सरकार लगायत सम्बन्धीत निकायको ध्यानाकर्षण गराएको छ ।

यसैगरी लमजुङ्ग, तनहुँ, कास्की, स्याङ्गजा र पर्वत जिल्लामा आयोगका अर्का सदस्य गोविन्द शर्मा पौड्यालको नेतृत्वमा गएको अनुगमन टोलीले पृथ्वी राजमार्ग, सिद्धार्थ राजमार्ग र पोखरा मुस्ताङ राजमार्गसँग जोडिएका पहाड तथा भीरहरुमा ठुलो पहिरो जानसक्ने प्रवल सम्भावना रहेकोले मानवीय क्षति रोक्न तत्काल कार्य गर्न सरकारको ध्यानाकर्षण गराएको छ ।


**फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल**

**Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,**

**Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org**

# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission**
केन्द्रीय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


लमजुङ्ग, तनहुँ, कास्की, स्याङ्गजा, पर्वत, पाल्पा, मकवानपुर र नवलपरासी जिल्लामा भूकम्पले क्षति पुऱ्याएका भवन तथा घरहरु भत्काउन आवश्यक पर्ने औजारहरुको व्यवस्था नहुँदा भत्काउने कार्य सुरु गर्न नसकिएको भन्दै तत्काल औजारको व्यवस्था मिलाउन आयोग सरकारसमक्ष आग्रह गर्दछ ।

लमजुङ्गको भोजे, चण्डीस्थान, तनहुँको रुपाकोट, छिम्बुश्वर, खैरेनी, स्याङजाको रापाकोट, ढाकुकसिमल गाबिसका जमिनमा भूकम्पका कारण धाँजा फाटेपछि विद्यालयहरू पहिरोको जोखिममा रहेको पाइएकोले जोखिममा परेका विद्यालयहरुलाई तत्काल स्थानान्तरण गर्न आयोग सरकारलाई आग्रह गर्दछ ।

पर्वत जिल्लाको फलेबास र भगरामा हालै आएको असिना पानीबाट झण्डै दुई करोड रुपैया बराबरको मकैबाली र फलफुल खेती नष्ट हुन गएकोले तत्काल क्षतीको विवरण हेरी राहत रकम उपलब्ध गराउन आयोग सरकारको ध्यानाकर्षण गराउँदछ । सरकारबाट भूकम्प प्रभावितलाई वितरण गरिएको रु १५ हजार कास्की, पर्वत, स्याङजा, पाल्पा, मकवानपुर जिल्लाका अधिकांस गाबिसहरुमा हाल सम्म पनि वितरण नगरिएको पाइएकाले अबिलम्ब राहत रकम वितरण गर्न आयोगले सरकारको ध्यानाकर्षण गराएको छ ।

गोरखाको तिब्बतसँग सिमाना जोडिएका नौ वटा गाबिसमा पहिरोको कारणबाट घोरेटो बाटो समेत बन्द हुन गई ती गाबिसहरुमा वर्षातको समयमा खाद्यान्न अभाव हुने देखिएकोले नेपाल सरकारले चिन सरकारसँग कुटनितिज्ञ पहल गरी तिब्बत तर्फबाट नाका खोली तत्काल खाद्यान्नको आपूर्तिको लागि पहल गर्न आयोग सरकारलाई आग्रह गर्दछ ।

मोहना अन्सारी
सदस्य तथा प्रवक्ता